नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् समन्वय शाखा)

इमेल: cdms.mofaga@gmail.com
सिंहदरबार, काठमाडौं।

पत्र संख्या : वा.त.वि.स.शा./०८२/०८३
चलानी नं. : 42

विक्रम संवत्: २०८२/०७/११ मङ्लबार
नेपाल संवत्: ११४६ कछलाथ्व सप्तमी

श्री जिल्ला समन्वय समिति (सबै),
श्री महानगरपलिका/उपमहानगरपालिका/नगरपालिका (सबै),
श्री गाँउपालिका (सबै)।

विषयः खोजतलास अनुमतिपत्र सम्बन्धमा।

खानी तथा भूगर्भ विभागको च.नं. ७१४, मिति २०८२/०६/२८ गतेको खोजतलास अनुमतिपत्र सम्बन्धमा विषयक पत्रको छाँया प्रति यसैसाथ संलग्न छ। पत्रमार्फत व्यहोरा अवगत गरी खनिज पदार्थको उत्खनन् अनुमति प्राप्त नगरी खोजतलास अनुमितपत्रकै आधारमा उत्खनन् एवम् विक्रि वितरण कार्य नगर्न नगराउन साथै अनाधिकृत उत्खनन्, चोरी निकासी रोकथामका लागि खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ।

2082/06/11
.................................
(मनोज अधिकारी)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखा, सं. मा. तथा सा. प्र. मन्त्रालय, (पोर्टल र वेवसाइटमार्फत पत्राचार गरिदिनहुन)।

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# खानी तथा भूगर्भ विभाग

खानी अनुमति तथा प्रशासन शाखा

(...........................................)

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ११६४
दर्ता मिति:- ६।३१

कपूरधारामार्ग-९
लैनचौर, काठमाडौं

पत्र संख्या:- ०८२/०८३|४६२
चलानी नं. ६१४

श्री वातावरण तथा विपद व्य. शाखा

मिति:- २०८२।०६।२८

विषय : खोजतलास अनुमतिपत्र सम्बन्धमा ।

२०८२।६।३१

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा यस विभागबाट विद्यमान खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ५ सोको नियमावली, २०५६ को परिच्छेद ३ बमोजिम जारी गरिएको खोजतलास कार्य गर्ने अनुमतिपत्र प्राप्त गर्ने व्यक्ति/कम्पनीले ऐ. नियमावली, २०५६ को नियम ११ बमोजिम शर्तहरु पालना गर्नुपर्ने हुन्छ। नियम १३ बमोजिम आफ्नो अनुमति पत्रमा उल्लिखित क्षेत्र भित्र खोस्री, खनी, दूलो छेडी वा अन्य उपयुक्त तरिकाद्वारा खोजतलास कार्य गर्न पाउने, उक्त कार्यको सिलसिलामा झिकिएका खनिज पदार्थको प्रकृति, परिमाण, महत्व र प्रस्तावित परीक्षण वा विश्लेषण गर्न वा गराउनको निमित्त यस विभागको स्वीकृतीमा नमूना विदेश लैजान पाउने व्यवस्था रहेको व्यहोरा अनुरोध छ।

खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ११ को देहाय खण्ड (च) ले खोजतलास कार्यको सिलसिलामा प्राप्त खनिज पदार्थको विक्रि वितरण गर्न नपाइने गरी निषेध गरेको भएता पनि खोजतलास कार्यको अनुमति प्राप्त गरेका व्यक्ति/कम्पनीहरुले उक्त अनुमति पत्रको आधारमा उत्खनन् अनुमति प्राप्त नगरी औद्योगिक रातोमाटो, काओलिन (सेतो कमेरो माटो) साथै स्ल्याव ढुङ्गा लगायतका खनिजहरुको विभिन्न तरिकाबाट व्यवसायीक उत्खनन् तथा विक्री वितरण गरेको व्यहोराको जानकारी विभिन्न माध्यमबाट यस विभागमा प्राप्त हुन आएको छ। सो कार्य रोकथामका लागि यस विभागबाट सम्बन्धित निकायहरुमा पत्राचार गरिदै आएको छ। उत्खनन् अनुमति प्राप्त नगरी खोजतलास अनुमतिपत्रकै आधारमा उत्खनन् कार्य गर्नु कानून विपरित हुने र सो कार्यबाट वातावरणीय तथा सामाजिक पक्ष लगायतमा नकारात्मक प्रभाव पर्ने देखिन्छ। यस विभागबाट जारी गरिएको खोजतलास अनुमतिकै आधारमा खोजतलास कार्यको सिलसिलामा खनिज पदार्थ उत्खनन् एवं विक्रि वितरण नगर्न नगराउन र सो कार्यमा रोकथामका लागि एवं अनाधिकृत उत्खनन्, चोरी, निकासी, रोकथामको लागि सबै पालिकाहरु र जिल्ला समन्वय समितिमा पत्राचार गरी सहयोग प्रदान गरि दिनुहुन मिति २०८२।०६।२६ को विभागीय निर्णय अनुसार अनुरोध छ।

बोधार्थ:-
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं।
श्री उधोग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं।

.....................
बसन्त अधिकारी
रिसर्च अफिसर

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: २९६
मिति: २०८२।७।३१

फोन : महानिर्देशक - ०१-४५१४७४०
ईमेल : info@dmgnepal.gov.np
योजना कार्यक्रम तथा सूचना शाखा - ०१-४५१२०६५